# गाउँ सभाको १४ औं अधिवेशनमा उपाध्यक्ष विरेन्द्र बहादुर शाहीज्यू बाट प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को

# **बजेट वक्तव्य**

## जुनीचाँदे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## मजकोट, जाजरकोट

**जुनीचाँदे गाउँपालिका चौँधौँ गाउँ सभाको नवौँ अधिवेशनमा**
**उपाध्यक्ष श्री विरेन्द्र बहादुर शाही द्धारा प्रस्तुत**
**आ.व २०८२/०८३ को**
**बजेट बक्तव्य**

**आदरणीय सभाध्यक्ष ज्यु**

**सभा सदस्य ज्यूहरु,**

१. नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ को व्यवस्था बमोजिम यस जुनीचाँदे गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले जुनीचाँदे गाउँपालिका गाउँ सभाको नवौँ अधिवेशनको दोस्रो बैठकमा आ.व २०८२/०८३ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूती गरेको छु ।

२. यो महत्वपूर्ण घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा जनताहरुवाट भएका सशस्त्र संघर्ष, जनआन्दोलन लगाएतका राजनैतिक क्रान्तिका क्रममा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने तमाम ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै घाईते अपाङ्ग, बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान सहित उहाँहरुको परिवारजनप्रति गहिरो सहानुभूति प्रकट गर्दछु ।नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको सन्दर्भमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रज राजनितिकर्मीहरु प्रति सम्मान प्रकट गर्दछु ।

३. नेपालको संवैधानिक परिकल्पना अनुसारको लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुद्दढिकरण गर्दै जनताहरुको घर आँगनमा रहेको सरकार मार्फत सुशासन सहितको विकास र संमृद्धि हासिल गर्न विश्व व्यापी रुपमा देखिएको आर्थिक मन्दीवाट हाम्रो पालिकाको समग्र बजेट प्रणालीलाई पारेको प्रभाव स्वरुप उत्पन्न परिस्थितीका बीच उपलब्ध स्रोत साधनलाई अधिकतम ढंगले परिचालन गरी पालिकाको जिबनस्तर सुधारका लागि आर्थिक समृद्धि उन्मुख अर्थतन्त्र निर्माणमा सघाउ पुर्याउने उद्देश्यका साथ बजेट तर्जुमा गरेकोछु ।

४. लोकतान्त्रिक अभ्यास मार्फत जनअनुमोदित भई पालिकाको मुहार फेर्ने जिम्मेवारी बहनका सिलसिलामा अग्रसर सम्पूर्ण जनप्रतिनिधीज्यूहरु प्रति सम्मान व्यक्त गर्दछु ।

**श्रद्धेय सभाध्यक्ष**

**एवम सदस्य ज्युहरु,**

अव म चालु आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकाको आय व्यय तथा सम्पादित महत्वपुर्ण कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**<u>आ.व २०८१/८२ को संसोधित आय</u>**

५. आ.व २०८१/८२ मा आय अनुमान ५२ करोड ३७ लाख २३ हजार ७ सय ८३ रुपैँया ८१ पैसा गरिएकोमा संघ तथा प्रदेशबाट भएको २०८२ असार ९ गते सम्मको निकासा र प्राप्त परिपत्र अनुसार संसोधित अनुमान ४५ करोड ३४ लाख ७५ हजार ६ सय २ रुपैया ९१ पैसा रहेको छ । यस संसोधित आय तथा योजना अनुसार बजेट कार्यान्वियनको चरणमा रहेको छ ।

**<u>आ.व २०८१/८२ को संसोधित व्यय</u>**

**६**. आ.व २०८१/८२ को आय अनुमान अनुसार नै व्यय हुने अनुमान गरिएकोमा २०८२ असार ९ गते सम्मको ३३ करोड ९० लाख ५८ हजार ८ सय ७१ रुपैँया ८८ पैसा व्यय तथा कार्यान्वयन भई भुक्तानी सम्पन्न भएको छ ।

**<u>चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरणः</u>**

**७**. चालु आ.व.मा यस गाउँपालिकाले आ.व. २०८१।०८२ मा चालु तर्फ २६९ बटा र पूजीगत तर्फ १६५ बटा योजना तथा कार्यक्रमहरु रहेका थिए । कुल बजेट मध्ये चालु तर्फ कुल रकमको ७०.३ प्रतिशत र पूँजीगत तर्फ ४५.६५ प्रतिशत खर्च भएको छ ।

**<u>आ.व २०८१/०८२ मा संचालित योजना कार्यक्रमहरुको क्षेत्रगत खर्चको अवस्था ।</u>**

आर्थिक विकास तर्फ
७१.७९%

| | |
|---|---|
| सामाजिक विकास तर्फ | ६६.२३% |
| पूर्वाधार विकास तर्फ | ३७.७८% |
| सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र तर्फ | ५८.४१% |
| कार्यालय सचालन तथा प्रशासनिक क्षेत्र तर्फ | ७३.९३% |

**श्रद्धेय सभाध्यक्ष**
**एवम सदस्य ज्युहरु**

८.अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका उद्धेश्यहरु निम्नानुसार रहेका छन् ।

- समुन्नत र समाजबाद उन्मुख स्थानीय अर्थतन्त्रको बिकास गर्नु,
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु,
- सार्वजनीक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई सुशासन कायम गर्नु,
- भौतिक तथा सामाजिक क्षेत्रको विकास गर्नु,
- स्रोत र साधनलाई सन्तुलित र समन्यायीक ढङ्गले परिचालन गर्नु,
- कृषि तथा पशुपालन क्षेत्रमा लागनी वढाई आय आर्जन र रोजगारी सिर्जना गर्नु ।

९. अव म आ.व २०८२/८३ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

- शैक्षिक पूर्वाधार तथा जीवन उपयोगी शैक्षिक आधारहरु निर्माण गर्ने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,
- कृषि सेवा, पशु सेवा, वन तथा वातावरण क्षेत्रको विकास विस्तार र संरक्षणमा जोड दिने,
- लक्षित वर्ग र समुदायको उत्थानका लागि सामाजिक सुरक्षा र ससक्तिकरणका कार्यक्रमहरु संचालन गर्ने,
- मानव संसाधन विकास(शिक्षा,स्वास्थ्य,खानेपानी,सरसफाई र पोषण)मा जोड दिने

**श्रद्धेय सभाध्यक्ष**
**एवम सदस्य ज्युहरु**

१०.आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम तयार गर्दा निम्न लिखित दस्तावेजहरुलाई आधारको रुपमा लिइएको छ ।

- नेपालको संविधान
- १६औ पञ्चबर्षिय योजना र दिर्घकालिन सोच
- दिगो विकास लक्ष्यहरु
- संघिय सरकारको आवधिक योजना,लक्ष्य,उद्देश्य,प्राथमिकता र रणनीतिहरु
- कर्णाली प्रदेश सरकारको दोस्रो आवधिक विकास योजना
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- स्थानीय निर्वाचनमा गरेका प्रतिवद्धताहरु
- जुनीचाँदे गाउँपालिकाको विषयगत दायित्व र प्राथमिकताहरु
- जुनीचाँदे गाउँपालिकाको आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना
- विषयगत समितिको सिफारिस
- वडा समितिको प्राथमिकता तथा कार्यक्रमहरु
- क्रमागत विकास योजनाहरु
- कार्यपालिकाले आवश्यक ठानेका र जनसहभागिता जुट्ने आयोजनाहरु ।

**श्रद्धेय सभाध्यक्ष**
**एवम सदस्य ज्युहरु**

११.अव म अगामी आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित आय व्ययको अनुमान र बजेट कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आ.व २०८२/०८३ को प्रस्तावित आय व्यय अनुमान

### आय अनुमान

आर्थिक वर्ष २०८२/०८३ का लागि कुल रु  ५९ करोड ५९ लाख ७६ हजार ५ सय ५८ रुपैँया १३ पैसा आय अनुमान गरेको छु । जसमध्ये संघिय सरकारको वित्तिय समानीकरण अनुदान तर्फ  ९ करोड ८४ लाख ,राजस्व वाँडँफाँड तर्फ १२ करोड ४४ लाख,संघिय समपुरक तर्फ १ करोड २० लाख, शशर्त अनुदान  २५ करोड ३९ लाख, विशेष अनुदान तर्फ १ करोड १ लाख रहेको छ जुन कुल बजेटको ८३.६९ प्रतिशत रहेको छ । त्यस्तै प्रदेश सरकारको  समानीकरण अनुदान १ करोड ११ लाख ८७ हजार, राजस्व वाँडफाँड २२ लाख ३२ हजार ५ सय ५८ रुपैँया १३ पैसा, शशर्त अनुदान ४ करोड ६२ लाख ५७ हजार ,समपुरक अनुदान २ करोड १० लाख र विशेष अनुदान १ करोड ४० लाख  रहेको छ । जुन कुल बजेटको १६.३० प्रतिशत रहेको छ । यसैगरी आन्तरिक आय तर्फ रु २५ लाख अनुमान गरेको छु । जुन कुल बजेटको ०.०१ प्रतिशत रहेको छ ।उल्लेखित आय अनुमान चालु आर्थिक वर्षको अनुमान भन्दा १३.७९ प्रतिशत अर्थात ७ करोड २२ लाख ५२ हजार ७ सय पचहत्तर ले वृद्धि भएको छ ।

### व्यय अनुमान

आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि कुल बजेट ५९ करोड ५९ लाख ७६ हजार ५ सय ५८ रुपैँया १३ पैसा मात्र व्ययको अनुमान गरेको छु । जसमा चालु तर्फ ४३ करोड ६० लाख ७५ हजार ३ सय ५८ रुपैँया जुन कुल बजेटको ७३.१६ प्रतिशत हुनेछ र पुँजीगत तर्फ कुल १५ करोड ९९ लाख १ हजार २ सय रुपैँया जुन कुल बजेटको २६.८४ प्रतिशत हुनेछ ।

कुल खर्च मध्ये संघिय र प्रदेशको शशर्त र विशेष बजेट बाट ३२ करोड ४२ लाख ७५ हजार खर्च हुने अनुमान गरेको छु ।यसैगरी संघ र प्रदेशको समानिकरण,समपुरक अनुदान र गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यहोरिने गरि २७ करोड १७ लाख १ हजार ५ सय ५८ रुपैँया खर्च हुने अनुमान गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष**
**एवम सदस्य ज्युहरु**

१२.अव म आ.व २०८२/८३ को बजेटका कार्यक्रम तथा विनियोजित बजेटको सार प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. स्वास्थ्य क्षेत्र**

स्वास्थ्य मानव जगतको सबैभन्दा संवेदनशिल क्षेत्र हो । स्वास्थ्य मानिसको सबैभन्दा ठूलो धन हो। गाउँपालिकाभित्रका विपन्न समुदाय तथा सर्वसाधारणलाई निशुल्क र आधारभूत स्वास्थ्य सेवाको पहुँच पुर्याउनु स्थानीय सरकारको प्रमुख दायित्व रहेको छ । नियमित स्वास्थ्य तथा आयुर्वेद तर्फ समेत गरी संघीय सरकारको शसर्त कार्यक्रमहरु सहित स्वास्थ्य क्षेत्रमा रु ३ करोड ९८ लाख ७१ हजार बजेट बिनियोजन गरेको छु।

**२. शिक्षा क्षेत्रः**

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरी गुणस्तरीय शिक्षा प्राप्त गर्ने बालवालिकाको मौलिक हकको संरक्षण गर्दै अतिरिक्त क्रियाकलाप सञ्चालन, विद्यालयमा सूचना प्रविधिको विस्तार र प्रयोग, शिक्षक दरबन्दी नभएका वा कम भएका विद्यालयमा शिक्षक व्यवस्थापन

माध्यमिक तहसम्म निशुल्क शिक्षाको प्रत्याभूति समेत गरी शिक्षा क्षेत्रमा रु. २२ करोड ३५ लाख २४ हजार बजेट विनियोजन गरेको छु।

**३. पुर्वाधार तर्फः**

सडक विस्तार तथा स्तरोन्नति गर्दै सम्पुर्ण वडामा सहज यातायाता सुविधाको सुनिश्चितता गर्दै यस आ.व मा सडक नपुगेको वडा न ७ मा समेत सडक सञ्जालमा जोडिने छ । भवन तथा आवास तर्फ अधुरो भवन लाई प्राथमिकता दिई आवश्यक बजेट विनियोजन गरेको छु ।यसरी सम्पुर्ण पुर्वाधार क्षेत्रमा एकमुष्ट रु १२ करोड ७० लाख ७० हजार बजेट विनियोजन गरेको छु ।

**४. कृषिः**

कृषिको क्षेत्रमा प्रसस्त सम्भावना बोकेको गाउँपालिकाको रुपमा रहेको छ। धेरै कृषकहरु कृषि पेशामा आत्मनिर्भर हुदै गइरहेका छन्। कृषिमा आधुनिकरण र व्यवसायिकरण गरि समृद्ध पालिका बनाउन विभिन्न कार्यक्रमहरुका लागि रु. ४० लाख ४० हजार बजेट विनियोजन गरेको छु।

**५. पशुः**

गाउँपालिका गाई, भैंसी तथा बाख्रा पालनको क्षेत्रमा प्रशस्त संभावना बोकेको गाउँपालिका सबैमा विदितनै छ । माछ,मासु,दुध र अण्डामा आत्मनिर्भर बनाई पशु उद्यमशिलता प्रवर्द्धन कार्यक्रमको लागि रु. ९२ लाख १० हजार बजेट विनियोजन गरेको छु।

**६. पर्यटन, उद्योग तथा सहकारी क्षेत्रः**

कृषिमा रहेको अत्याधिक निर्भरतालाई कम गर्न, उद्यमशीलताको प्रवर्द्धन गर्न सीप विकासको क्षेत्रमा जुनीचाँदे गाउँपालिकाले महत्व दिदै आएको

छ। त्यस्तै सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको क्रियाशीलताले अर्थतन्त्रलाई चलायमान बनाउन सक्छ। यसर्थ नेपाल सरकारसँगको सहकार्यमा गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम तथा पर्यटन, उद्योग तथा सहकारी क्षेत्रको लागि रु. १ करोड २ लाख २५ हजार ७ सय ९० बजेट विनियोजन गरेको छु।

## ७. महिला तथा वालवालिकाः

गाउँपालिकालाई बालश्रम तथा वालविवाह मुक्त घोषणा तथा लैङगिक एवम सामाजिक विभेद लागायत सामाजिक विकृति न्युनिकरण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न यस क्षेत्रमा रु. ९ लाख ८५ हजार बजेट विनियोजन गरेको छु ।

## ८. रोजगार

नागिरकको रोजगारी पाउने हकलाई सुनिश्चित गर्नको लागि आर्थिक वर्ष ०७५/०७६ बाट प्रधानमन्त्री रोजगार कार्यक्रम यस गाउँपालिकामा पनि सञ्चालनमा रहेको छ। यस वर्ष पनि संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान समेत गरी रु. २ करोड ६९ लाख विनियोजन गरेको छु।

## ९. वन, वातावरण तथा विपद् व्यवस्थापनः

जुनीचाँदे गाउँपालिका विपद् जोखिमका दृष्टिकोणले जोखिमयुक्त गाउँपालिकाको रुपमा रहेको छ। यहाँ विशेषत बाढी पहिरोबाट बर्षेनी धन जनको क्षति हुने गरेको छ। मनसुन जन्य निजी आवास पुनरस्थापना तथा पुनरनिर्माण, विपद् बाट भएका क्षतिलाई राहत तथा सम्भावित क्षति न्यूनिकरणको लागि विपद् व्यवस्थापन कोष स्थापना र

वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि रु. १५ लाख ५ हजार बजेट विनियोजन गरेको छु।

**१०. न्यायिक क्षेत्रः**

सरकार हुनुको मूलभूत सिद्धान्त, कार्यपालिकीय, व्यवस्थापकीय तथा न्यायिक तीन वटै राजकीय अधिकारको अलग अलग रुपमा प्रयोग गरी नागरिक कल्याण गर्नु हो। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले न्यायिक जिम्मेवारी समेत स्थानीय सरकारमा रहने व्यवस्था भएको परिप्रेक्षमा मेलमिलापकर्ता आधारभूत तालिम तथा पुनर्ताजगी कार्यक्रम समत सञ्चालन गर्ने गरी प्रदेश शसर्त सहित न्यायिक कार्य सम्पादनको लागि रु. २ लाख बजेट विनियोजन गरेको छु।

**११. संस्थागत सुशासन तथा सेवा प्रवाहः**

सार्वजनीक सेवा प्रवाहलाई गुणस्तरीय पारदर्शि र सर्वसुलभ बनाई नागरिकको पहुँचमा अभिवृद्धि गर्न गाउँपालिका कार्यालय र वडा कार्यालयहरु लाई प्रविधिमैत्रि बनाउन कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ एकमुष्ट रु १२ करोड ४४ लाख बजेट विनियोजन गरेको छु ।

१३. गाउँपालिका भित्र रहेको सांस्कृतिलाई लोप हुन नदिन परम्परागत मूल्य, मान्यता, विभिन्न जातजाति, भाषाभाषी, धर्मावलम्वी र सम्प्रदायको आफ्नो धर्म संस्कृतिको संरक्षण गर्न पाउने हकलाई सुनिश्चित गर्न र पर्व महोत्सव मनाउन रु. ८ लाख ७० हजार २ सय ९० एकमुष्ट विनियोजन गरेको छु।

१४. स्थानीय सरकार नागरिकको घरदैलोमा सेवा दिने सरकार हो नागरिकको घरदैलोसम्मको पहुँच वडा कार्यालय मार्फत् पुग्ने गर्दछ। यसरी नागरिकको सेवा पुर्याउने अभिभारा बोकेको ११ वटै वडा कार्यालयको सञ्चालन तथा

पुर्वाधार विकासका लागि कुल रु ४ करोड ५१ लाख बजेट विनियोजन गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष**
**एवम सदस्य ज्युहरु**

१५. प्रस्तावित बजेट तर्जुमा गर्दा गाउँपालिकाको आन्तरिक आय संघिय सरकारबाट प्राप्त हुने बजेट प्रदेश सरकारबाट प्राप्त हुने बजेट तथा प्राथमिकता क्षेत्र,गाउँपालिकाका प्राथमिकताका क्षेत्रहरु अन्य आवश्यक ठानिएका योजनाहरु नागरिक समाज गैर सरकारी संस्थाहरु लगायत सम्पुर्ण महानुभावहरु सबैको अमुल्य सुझावलाई उपलब्ध स्रोत साधनको सिमा भित्र समेट्ने प्रयास गरेको छु ।

१६. गाउँपालिकाको स्रोत तथा क्षमता अनुसार विभिन्न समिति उप–समितिहरु र गाउँ कार्यपालिका बैठकमा व्यापक छलफल गरि बजेटलाई सन्तुलित र दिगो बनाउने प्रयास गरेको छु । थप योजनाको संचालनको लागि प्रदेश सरकार र संघिय सरकारमा पहल गरिने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

अन्तमा,

सबैको सकारात्मक अर्थपुर्ण र साझेदारी युक्त सहयोगबाट मात्र बजेट कार्यान्वयनमा सफलता प्राप्त हुने कुरामा दुईमत हुन सक्दैन । तसर्थ प्रस्तुत बजेट कार्यान्वयन,अनुगमन,मुल्यांकनमा आ–आफ्नो तर्फबाट सहयोग पुर्याउन सम्पुर्ण जनप्रतिनिधिहरु,राष्ट सेवक कर्मचारीहरु,राजनीतिक दल,सरकारी गैर–सरकारी संघ–संस्थाहरु,नागरिक समाज,उपभोक्ता समिति,सहकारी तथा समुहहरु लगायत सरोकारवाला सम्पुर्णबाट महत्वपुर्ण र सार्थक सहयोग प्राप्त हुने अपेक्षा राखेको छु । बजेट तथा कार्यक्रम तर्जुमामा सहयोग पुर्याउनुहुने गाउँ कार्यपालिका सदस्य ज्युहरु विषयगत समितिका सदस्यहरु,गाउँ सभाका सदस्यहरु एबम राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत बजेट चालु अधिवेशनमा अनुसुचिमा संलग्न आयोजना तथा कार्यक्रमहरुलाई सम्मानीत सभाको अधिवेशनबाट गहन छलफल गरि पारित गर्नुहुनेछ भन्ने अपेक्षा राखेको छु ।

**धन्यवाद ।**

बिरेन्द बहादुर शाही

संयोजक

बजेट तथा कार्यक्रम तर्जुमा समिति

मिति: २०८२ साल असार १० गते रोज ३ शुभम ।।